# गाउँ सभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरीद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बारेकोट गाउँपालिकाको नीति तथा कार्यक्रम

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८१।०३।०५

गाउँ सभाको १९ औं अधिवेशनमा उपस्थित हुनु भएका

गाउँपालिका उपाध्यक्ष ज्यू,

वडा अध्यक्ष ज्यूहरु,

गाउँ कार्यपालिका सदस्य ज्यूहरु,

गाउँ सभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सभा सञ्चालन सचिवालयका कर्मचारीहरु।

स्थानीय सरकारको प्रमुखको हैसियतले सम्मानित गाउँसभालाई तेस्रो पटक नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ।

यस अवसरमा सर्वप्रथम नेपाली जनताको राजनीतिक स्वतन्त्रता, आर्थिक समृद्धि र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्नुहुने वीर शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र सङ्घर्षमा घाईते अपाङ्ग र वेपत्ता हुनुहुने महान व्यक्तिहरु प्रति उच्च सम्मान छ ।साथै मिति २०८० साल कार्तिक १७ गते राती ११:४७ बजे बारेकोट गाउँपालिकाको वडा नं. १ रामीडाँडालाई केन्द्रविन्दु बनाई गएको ६.४ रेक्टर स्केलको भूकम्पबाट ज्यान गुमाउनुहुने सम्मपूर्ण मृतकहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

आजको नयाँ व्यवस्थामा पुरानो अवस्थाको निरन्तरता भत्काउनु हामी सबैको साझा कर्तव्य हो। यो युगिन कर्तव्य पुरा गर्नु नै हामी सबैको उद्देश्य हो। यही मर्म वोधका साथै हामी आज निरन्तरताको १९ औं गाउँसभामा उपस्थित भएका छौं। हाम्रो यो बजेट अधिवेशनलाई बारेकोटी जनताले ठूलो आशा उत्साह र भरोसाको साथ हेरिरहेका छन्। यो बेला सीमित स्रोत साधनको अधिकतम प्रयोग र उपयोगबाट असीमित आवश्यकता र इच्छा चाहानाहरुको सम्वोधन गर्ने परिस्थिति हाम्रो अगाडि उभिएको छ। **"स्वच्छ स्वस्थ एवं सम्मृद्धि बारेकोट निर्माण!–गरीवी निवारण रोजगारी सिर्जन र उत्पादन बृद्धिमा हाम्रो अभियान!!"** भन्ने बारेकोटको मुल नारालाई सार्थक

बनाउन हामीले उपलब्ध स्रोत साधनहरुको जनउपयोगी परिचालनबाट नै बारेकोट समृद्धिको यात्रा आरम्भ गर्नुपर्ने छ। यस्तो बास्तविकतालाई आत्मसाथ गर्दै नीतिगत सुधार, प्रक्रियागत प्रभावकारिता र परिणाममुखी कार्यान्वयनको लागि नीति योजना र कार्यक्रम तर्जुमा हाम्रो अभिभारा हो। यो अभिभारा पुरागर्दै अगाडि बढ्न सक्नु पर्नेछ। गणतन्त्र स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन पछि बारेकोटी जनतामा समयानुकूल अपेक्षाहरुको बढोत्तरी भएको छ तर त्यस्ता अपेक्षाहरुको सम्वोधन गर्ने स्रोतसाधनको उपलब्धता भने पुरानै छ। आवश्यकता बदलिएका छन् ती आवश्यकता पुरा गर्ने सम्भावना पुरानै छ। तथापी क्रमागत रुपमा सुन्दर र परिवर्तनको मार्ग खोल्न हामी प्रयासरत रहेकाछौं। हिजोको अभ्यास, अनुभव आजको लागि शिक्षा हुन सक्छ तर हुबहु त्यसको निरन्तरताबाट मात्रै निर्देशित हुने छुट हामीलाई छैन। तसर्थ विगतको समिक्षा वर्तमानको यथार्तता र भविस्यको उद्देश्य सहित आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गरीएको छ।

नेपालको संबैधानिक व्यवस्था अनुरुप शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना, र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय स्तरमै सर्वाङ्गीण विकासको आधारशीला तयार गर्न नीति तथा कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन। यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्न यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ।

सभा सदस्य ज्यूहरु,

अब म आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्दछु।

नेपालको संविधान, २०७२ को भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, अनुसूची-८ र ९ मा रहेको स्थानीय तहको एकल तथा साझा अधिकार सूची,

विद्यमान स्थानीय, प्रदेश सरकार र संघीय सरकारका कानून रहेर यो नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका (सम्पादन) नियमावली, २०७९ बमोजिम गठित विभिन्न समिति (राजस्व परामर्श समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त सिफारिस, प्राथमिकीकरण, पृष्ठपोषण, सुझाव तथा सल्लाहलाई वार्षिक कार्यक्रम तर्जुमाको मुख्य आधारको रुपमा लिईएको छ। विभिन्न सम्बद्ध कानूनको व्यवस्था र संघीय, प्रादेशिक नीति, योजना, राष्ट्रिय लक्ष्य र गाउँपालिकाले तर्जुमा गरेको प्रथम त्रिवर्षीय आवधिक योजनालाई पनि नीति तथा कार्यक्रम तर्जुमा गर्दा आधारको रुपमा लिईएको छ। गाउँपालिकाको विकास र समृद्धिको लागि सरोकार राख्ने राजनीतिकर्मी, बुद्धिजीवी, समाजसेवी, विषयगत शाखा, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा सम्पूर्ण बारेकोटबासी बाट प्राप्त राय, सुझाव तथा गाउँपालिकाको सार्वजनिक सुनुवाई २०८१ बाट प्राप्त सल्लाह सुझाव र जिज्ञासालाई समेत आधार मानि वार्षिक कार्यक्रम तर्जुमा गरीएको छ।

**सभासदस्य ज्यूहरु,**

अब म चालु आ.व. २०८०/०८१ को हालसम्मका प्रमुख उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

१. गाउँपालिकाको हाल सम्म ६७.३८ चालु र ४७.७३ प्रतिशत पुँजिगत प्रगति भएको छ।

२. आ. व. २०८०/८१ मा राष्ट्रपति हवाई उद्धार कार्यक्रम अन्तर्गत (२,जना) जटिल प्रकारका प्रसुती महिलाहरुलाई हेलिकप्टर मार्फत प्रदेश अस्पताल सुर्खेतमा प्रेषण गरी उद्धार गरिएको छ।

३. आर्थिक वर्ष २०७९/०८० मा स्वास्थ्य सूचकहरुको आधारमा गरीएको मूल्याङ्कनमा हाम्रो गाउँपालिका जाजरकोट जिल्ला मै प्रथम हुन सफल भएको छ।

४. बारेकोट गाउँपालिका र FPAN को सहकार्यमा सम्पूर्ण वडामा महिलाहरुको प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरी १,४७७ जना महिलाहरुलाई सेवा प्रदान गरिएको छ।

५. बारेकोट गाउँपालिका र CMC नेपालको समन्वयमा विपदपछि मानसिक अस्वस्थ भएका विरामीहरुलाई टोल टोलमा गई ३,७५७ जनालाई मनोपरामर्श सेवा दिएको छ।

६. बारेकोटका बर्थिङ सेन्टरमा प्रसुती हुन नसकेका र थप सेवा लिन एम्बुलेन्सबाट १३ जना गर्भवती आमालाई एम्बुलेन्स खर्च व्यवस्थापन गरेको छ।

७. भूकम्पपछि हुने महामारीलाई मध्यनजर गर्दै दादुरा, रुवेला र टाइफाइर्ड विरुद्ध खोप अभियान सञ्चालन गरी ९८ प्रतिशत लक्षित जनसंख्यालाई खोप लगाएको छ।

८. सडक तर्फ २३५० मिटर नयाँ सडक, २५०० मिटर स्तरोन्नत्ती, १५० मिटर आर.सि.सि. ढलान, ७० मिटर सडक मेसिनरी वाल, १५७० वटा ग्याविन जाली, ४० वटा फलामे पोल र विभिन्न विद्यालयहरुमा फर्निचर ९१ सेट निर्माण गरीएको छ।

९. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ वटा २ कोठे भवनहरु निर्माण गरीएको छ।

१०. बारेकोट गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्य ५० प्रतिशत कार्य सम्पन्न भएको छ।

११. बारेकोट गाउँपालिकाको सभाहल लाई आधुनिकीकरण गरीएको छ।

१२. प्रत्येक वडा कार्यालयहरुमा व्यवस्थित एक वडा एक सभाहल निर्माण गर्ने योजना अनुसार वडा नं. ८ मा चालु आ.व. २०८०/०८१ मा सभाहल निर्माण भएको छ।

१३. आ.व. २०७९/०८० को स्वीकृत नीति तथा कार्यक्रम अनुसार चालु आ.व. मा ८८ वटा अलग पशुघर निर्माणको लागि कृषकहरुसँग सम्झौता गरी काम अगाडी बढेको छ।

१४. बारेकोट गाउँपालिका अन्तर्गत ५९०७ जना कृषकहरुका पशु उपचार, भेडाबाख्रामा खोप, कुकुर र विरालाहरुमा रेविज विरुद्धको खोप, पशु स्वास्थ्य शिविर, कुखुरा वितरण कार्यक्रम मार्फत सेवा प्राप्त गरेका छन्।

१५. पर्यटन प्रवर्द्धनको लागि प्रर्यटन गुरूयोजना तयार गरीएको छ।

१६. आ.व. २०८०/०८१ मा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत २६८ जना सुनौला हजार दिने आमाहरुलाई कुखुरा र फिल्टर वितरण गरीएको छ।

१७. आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३३० जना रोजगार विहीन विपन्न नागरिकहरुले रोजगारी प्राप्त गरेका छन्।

१८. वडा नं. १, २, ५ र ७ मा एक घर-एक धारा खानेपानी कार्यक्रम अन्तर्गत ४६५ वटा घरधुरीमा खानेपानी धाराहरु निर्माण गरीएको छ।

१९. व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सम्बन्धी कार्य पूर्ण रुपमा अनलाईन प्रणालीमा लगि सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकारी वनाउन बैङ्किङ्ग Electronic Fund Transfer (EFT) प्रणाली मार्फत् ४,५६५ जनालाई वितरण गरीएको छ।

२०. गरीबी निवारणको लागि उद्यम विकास कार्यक्रम मार्फत ४४ जना लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गरी आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गरीएको छ।

२१. सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतिको लागि गाउँपालिकामा प्रवक्ता, गुनासो व्यवस्थापन अधिकारी र सूचना अधिकारीको व्यवस्था गरीएको छ।

२२. बारेकोट गाउँपालिकाले शैक्षिक सत्र २०८१ देखि लागु हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरीएको छ।

२३. इन्टरनेट सेवालाई प्रभावकारी बनाउन गाउँपालिका, सबै वडा, स्वास्थ्य शाखा, आधारभूत अस्पताल र प्राथामिक स्वास्थ्य चौकीहरुमा प्रभावकारी इन्टरनेटको व्यवस्था मिलाइएको छ।

२४. शारीरिक रुपमा अशक्त भएका ३५३ जनालाई प्रत्येक वडा कार्यालयमा घुम्ति शिविर मार्फत अपाङ्गता परिचय पत्र वितरण गरीएको छ।

२५. महिला नेतृत्व क्षमता विकास गराउनको लागि ९ वटै वडाका ३० जना महिलाहरुलाई उद्घोषण तथा नेतृत्व विकास तालिम प्रदान गरीएको छ।

२६. स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन (LISA) ६०.५ प्रतिशत, स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन (FRA) ६३.५ प्रतिशत र राष्ट्रिय प्राकृत स्रोत तथा वित्त व्यवस्थापन (NNRFC) ४७.६४ प्रतिशत अङ्क प्राप्त भएको छ।

२७. मिति २०८० कार्तिक १७ गते गएको भूकम्पबाट क्षति भएका घरपरिवारलाई अस्थायी आवासको रुपमा नेपाल सरकारबाट ५११२ र अन्य संघ संस्थाहरुबाट २६० वटा अस्थायी आवास निर्माण भई पहिलो किस्ता रकम भुक्तानी गरीएको छ। भने दोस्रो किस्ता भुक्तानीको काम अन्तिम चरणमा पुगेको छ।

२८. भूकम्पबाट भएको क्षतिको विवरण पेश गर्ने अनुमति चाहान्छु।

**भूकम्पबाट भएको क्षतिको विवरण**

| क सं | कार्यालयको नाम | ठेगाना | पूर्ण क्षतीको विवरण | फियत |
|---|---|---|---|---|
| १ | आधारभूत अस्पताल | बारेकोट २ लिम्सा | कार्यालय भवन ३ वटा<br>पोष्टमाटम घर १ वटा<br>३. शौचालय १ | |
| २ | स्वास्थ्य चौकी रामीडाँडा | बारेकोट १ रामीडाँडा | बर्थिङ्ग ब्लक १ | |
| ३ | कृषि सेवा शाखा | बारेकोट २ लिम्सा | कार्यालय भवन २ | |
| ४ | पशु सेवा शाखा | बारेकोट २ लिम्सा | कार्यालय भवन २ | |
| ५ | बारेकोट गाउँपालिका | बारेकोट २ लिम्सा | जडिबुटी भवन १ | |
| ६ | खानेपानी योजना | बारेकोट गाउँपालिक | ७ वटा | |
| ७ | सिंचाई योजना | बारेकोट गाउँपालिक | ५ वटा | |
| ८ | विद्यालय भवनहरु | बारेकोट गाउँपालिक | पूर्ण क्षती भएका विद्यालय २ वटा | |
| | | | चर्केका उच्च जोखिममा रहेका विद्यालय ४२ वटा | |
| | | | उच्च जोखिममा रहेका समुदायमा आधारित बालविकास केन्द्र ९ वटा | |
| ९ | निजी आवास | बारेकोट गाउँपालिक | ५५८६ | |

२९. भूकम्प पछि विभिन्न संघ संस्था, दातृ निकाय र सहयोगको विवरण पेश गर्न चाहान्छु।

<u>राहत विवरण</u>

| क सं | संस्थाको नाम | सहयोग समाग्री |
|---|---|---|
| १ | DDMC | राहत व्यवस्थापन |

| | | |
|---|---|---|
| २ | WFP | सहयोग तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन |
| ३ | UNDP | राहत हस्तान्तरण तथा EHSLCA कार्यक्रम सञ्चालन विपद् संग सम्बन्धित क्षमता विकास कार्यक्रम सञ्चालन भग्नाविशेष व्यवस्थापन |
| ४ | Helvetas Nepal | राहत तथा खानेपानी योजना निर्माण तथा मर्मत |
| ५ | UNICEF | राहत सामग्री हस्तान्तरण अस्थायी सिकाई केन्द्र निर्माण सहयोग विद्यालय सामग्री सहयोग |
| ६ | HRDC JKT/ Helvetas | खानापानी कार्यक्रम सञ्चालन तथा राहत हस्तान्तरण |
| ७ | SAHAS Nepal | घरबगैंचा कार्यक्रम सञचालन तथा राहत हस्तान्तरण |
| ८ | RSDC Rukum/ UNICEF | विद्यालयहरुमा विद्यार्थीको सिकाई मापन कार्यक्रम सञ्चालन |
| ९ | HRDC Nepal | स्वास्थ्य शिविर सञ्चालन |
| १० | Choice Humantrain | राहत सामग्री हस्तान्तरण |
| ११ | heran World Relief need Nepal | राहत सामग्री हस्तान्तरण |
| १२ | RRN Nepal | राहत सामग्री हस्तान्तरण |
| १३ | CMC Nepal | मनोसामाजिक परामर्श क्षमता विकास |
| १४ | TPO Nepal | मनोसामाजिक परामर्श क्षमता विकास |
| १५ | Asia Nepal | राहत सामग्री हस्तान्तरण तथा विद्यालय भवन निर्माण TLS |
| १६ | INF | राहत सामग्री हस्तान्तरण र अपाङ्गगता भएका ब्यक्तिहरुका लागि सामग्री |
| १७ | Handicap International | स्थायी आवास निर्माण राहत सम्मग्री हस्तान्तरण |
| १८ | People in Need | अस्थायी आवास निर्माण पालिकामा सहजिकरण नागरिक सहायता |

| | | |
|---|---|---|
| | | कक्ष सञ्चालन विद्यालय सामग्री सहयोग |
| १९ | KIRDARC Nepal | स्थायी आवास निर्माण राहत समाग्री हस्तान्तरण / खानेपानी योजना मर्मत, निर्माण समावेशी शिक्षा कार्यक्रम सुरू भएको |
| २० | HDC Rukum East (Fair Med Foundation) | स्थायी आवास निर्माण रहात सामग्री हस्तान्तरण |
| २१ | Good Sefard International foundation Nepal | राहत सामग्री हस्तान्तरण |
| २२ | Global Peace Foundation | राहत सामग्री हस्तान्तरण |
| २३ | Red Panda Network | राहत सामग्री हस्तान्तरण |
| २४ | Pabson Banke Kohalpur | राहत सामग्री हस्तान्तरण |
| २५ | City buspark | राहत सामग्री हस्तान्तरण |
| २६ | ADRA/Enrudec | राहत सामग्री हस्तान्तरण |
| २७ | Laxmi Bank | राहत सामग्री हस्तान्तरण |
| २८ | FGT Church | राहत सामग्री हस्तान्तरण |
| २९ | Jesuit | अस्थायी सिकाइ केन्द्र निर्माण २५ |
| ३० | Society of Nepalies Arcitect (SONA) | Research |
| ३१ | नेपाल परिवार नियोजन संघ | महिला स्वास्थ्य शिविर सञ्चालन |
| ३२ | काठ्माण्डौं महानगरपालिका | राहत सामग्री हस्तान्तरण |
| ३३ | बुटवल उप महानगरपालिका | राहत सामग्री हस्तान्तरण |
| ३४ | सगरमाथा लुम्बिनी बिमा कम्पनी | राहत सामग्री हस्तान्तरण |
| ३५ | तरंग नेपाल | अस्थायी आवास निर्माण प्राविधिक सहयोग |
| ३६ | ल उद्योग व्यवसायी महासंघ कर्णालि प्रदेश | राहत सामग्री हस्तान्तरण |
| ३७ | असल छिमेकी नेपाल | राहत सामग्री हस्तान्तरण |
| ३८ | एभरेष्ट क्लब | राहत सामग्री हस्तान्तरण |
| ३९ | सुन्दर ढोका काठमाडौं | राहत सामग्री हस्तान्तरण |
| ४० | महावु गाउँपालिका, दैलेख | राहत सामग्री हस्तान्तरण |
| ४१ | मुटु फाउण्डेशन | राहत सामग्री हस्तान्तरण |
| ४२ | माउन्टेन हर्ट नेपाल | राहत सामग्री हस्तान्तरण |

| | | |
|---|---|---|
| ४३ | सोसेक | मनोसामाजिक परामर्श क्षमता विकास |
| ४४ | चितवन मेडिकल कलेज चितवन विद्यार्थी सहयोग | नगद सहयोग १५००० विद्यार्थी चन्द्र प्रकास बोहराले समन्वय गरी पठाएको |
| ४५ | गुराँस गाउँपालिका, दैलेख | राहत सामग्री हस्तान्तरण |
| ४६ | नेपाल रेडक्रस सोसाइटी, नेपाल | राहत सामग्री हस्तान्तरण |

३०. सभा सदस्य ज्यूहरु, भूकम्प पश्चात हाम्रो गाउँपालिकामा हाल विभिन्न क्षेत्रमा काम गरिरहेका संघ संस्थाहरुको विवरण प्रस्तुत गर्दछु।

| **क्र सँ** | **रकारी संघ सँस्थाहरुको नाम** | **रहेको स्थान** | **ार्यक्रम प्रमुखको नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पहाडी क्षेत्र विकास अभियान | बारेकोट २ लिम्सा | लोक बहादुर बोहरा | खानेपानी |
| २ | विश्व खाद्या कार्यक्रम | बारेकोट २ लिम्सा | शैलेश शर्मा | पूर्वाधार |
| ३ | सहयोगी हातहरुको समूह (सहास) नेपाल | बारेकोट २ लिम्सा | होम बहादुर विश्वकर्मा | कृषि वडा नं १ र २ |
| ४ | UNDP | बारेकोट २ लिम्सा | रामशोभा मण्डल | जलवायु |
| ५ | People in Need | बारेकोट २ लिम्सा | नारायण विक | पालिकालाई सहोयग |
| ६ | रुकुमेली समाज विकास केन्द्र | बारेकोट २ लिम्सा | ज्योती मल्ल | शिक्षा |
| ७ | टि पि ओ नेपाली | | प्रविण वि क | मानसिक स्वास्थ्य |
| ८ | KIRDARC Nepal | | महेन्द्र विक्रम शाही | खानेपानी तथा समावेशि शिक्षा |

सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको आत्मसात गर्दै, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि बारेकोटी जनताले पटक-पटक गरेको संघर्ष र बलिदानिका गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित

सम्मान गर्दै सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध बारेकोट निर्माण गर्न;

स्थानीय शासन व्यवस्थाको सुदृढीकरणको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो सम्मानित सभामा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्दछु।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपंक्षी विकास

१. व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न कृषि विकास गुरुयोजना तयार गरि लागु गरिनेछ। बारेकोट गाउँपालिकामा सम्भावित फलफूल खेती र बजार सम्बन्ध विस्तारका लागि पहल गरिनेछ ।

२. घोडामर्चा, लाल तुलसी, तेजपत्ता, उत्तिसका बोक्रा, पुदिना, बाँजकोटी र बोजो अर्गानिका चिया उत्पादनका लागि विशेष पहल गरिनेछ।

३. पशु व्यवसायलाई प्रवर्द्धन गर्न गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा दुग्ध डेरी स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

४. मानव स्वास्थ्य र पशु स्वास्थ्य सुधारका लागि मानव घर र पशु घरलाई अलग गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

५. बारेकोट गाउँपालिकाको वडा नं. १, सिर्पाचौरमा अर्गानिक कृषिको सम्भावनालाई आर्थिक तथा प्राविधिक अध्ययनको साथै समुदायसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

६. कृषि व्यवसायमा सहजता र उत्पादनमा अभिवृद्धि गर्नको लागि पकेट क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

७. अत्यावश्यक कृषि उपजमा बारेकोटलाई आत्मनिर्भर बनाउन भौगोलिक अवस्था वातावरण अनुकुल उत्पादन धान, मकै, गहुँ, जौं, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, काउली, बन्दा, पिँडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेंडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैंची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदिको परम्परागत खेतिको अलावा अन्य अन्न, फलफुल तथा तरकारी खेतिको संम्भाब्यता अध्ययन गरी माटो सुहाउँदो एक वडा एक उत्पादन कार्यक्रम संचालन गर्न बिशेष पहल गरिने छ।

८. बारेकोटमा ठेकी फल (Kiwi fruit) को राम्रो सम्भावना देखिएकोले व्यावसायिक किवी खेतीका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

९. स्याउ, सुन्तला, केरा, कागती, ओखर, नास्पाती, आरु, आरुबखडा, ठेकी फल (Kiwi fruit) जस्ता फलफुल खेतिका लागि संम्भाब्यता अध्ययन गर्न पहल गरिने छ।

१०. तोरी, चुली, ढुटेलो, जैतुनको उत्पादन र प्रशोधनका लागि कार्यक्रम संचालन गरी तेल उत्पादनमा बारेकोटलाई आत्मनिर्भर बनाउन पहल गरिनेछ।

११. बारेकोटलाई तरकारीमा आत्म निर्भर बनाउनका लागि तरकारीको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न कृषकहरुलाई तरकारी खेतिमा आकर्षित गर्न बिशेष अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

१२. पशुपालनबाट किसानहरुको आय आर्जन बृद्धि गर्न भेडा, बाख्रा र भैंसी पालन क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम संचालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्यको लागि पहल गरिने छ।

१३. स्थानीय जातका कुखुरा, हाँस, कालिज, अस्ट्रिज, टर्की जस्ता पन्छी ब्यवसायीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

१४. मौरीपालन र माछापालनको संम्भाव्यता अध्ययन गरी मौरी पालन र माछापालन व्यावसायलाई व्यवसायिक रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१५. पालिका भित्रका सम्पूर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरी पशुजन्य महामारी नियन्त्रण तथा पशु उपचारको ब्यबस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. जोनेटिक रोग नियन्त्रण, रेविज रोग नियन्त्रणका लागि निःशुल्क खोप लगाउने, सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जस्ता कार्यक्रमहरु आवश्यकतामा संचालन गरिने छ।

१७. पशु विमा प्रर्बद्धन कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम र पशु पोषण सुधार जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

१८. सहज पशु उपचारको लागि एक वडा एक पशुप्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधिकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ।

२०. युवा लक्षित कार्यक्रमका लागि बाँझो जमिनमा एकिकृत कृषि स्रोत केन्द्र स्थापना गर्न विशेष व्यवस्था गरिनेछ।

२१. सहकारी र स्थानीय समुदायको सहभागितामा व्यवसायिक कृषि योजना निर्माण गरी बिऊ, सिचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन ब्यवसायिकतामा बृद्धि गर्न जोड दिइनेछ।

२२. कृत्रिम तरिकाबाट पशुहरुमा नश्ल सुधार गर्ने र प्राकृतिक गर्भधानको लागि राँगा, गधा, बोका, र थुमा खरिद गरी बितरण गर्ने ब्यवस्था मिलाईने छ।

२३. पशुपालन ब्यवसायलाई ब्यवसायिक बनाउन किसानहरुका लागि आधुनिक खोर निर्माण गर्न अनुदान रकम दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४. किसान समुह समिति फर्महरुले पशु पालन सम्बन्धि नमुना कार्यक्रम गरे वापत उक्त किसान समुह समिति तथा फर्महरुलाई छनोटको आधारमा उच्च मुल्यांकन गरी कृषक प्रोत्साहान स्वरुप अनुदान प्रदान गरिनेछ।

२५. एकल महिला विपन्न वर्ग तथा पिछडीएको महिला समूहलाई छनोट गरी उन्नत बाख्रा अनुदान कार्यक्रम स्थानीय कुखुरा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. पशुपालन ब्यबसायलाई थप ब्यवस्थित र व्यवसायिक गर्न पशु तथ्यांक संकलन कार्यक्रम संचालनमा ल्याइने छ।

२७. व्यावसायिक पशुपालन कृषकहरुको लागि गोठालो भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. कृषि अनुदान कार्यक्रम सञ्चालन गर्दा समूह, संस्था, सहकारिका साथसाथै विपन्न किसान परिवारलाई समेत समावेश गरिने नीति अवलम्वन गरिनेछ।

२९. गाउँपालिकाको आन्तरिक स्रोतलाई वृद्धि गर्न राजश्व संकलनको दायरालाई वृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

३०. बारेकोट गाउँपालिकामा सम्भावित जडिबुटी खेतीलाई प्राथमिकता दिइनेछ। सामुहिक तथा ब्यक्तिगत जडिबुटी खेती स्थापना तथा सुरुवात गर्नेलाई बिशेष प्रोत्सहान गरिनेछ।

### ख) सिंचाई

३१. कृषि उत्पादनको संभाब्यता अध्ययन गरी सिँचाइका श्रोतहरुको परिचालनका लागि बिशेष पहल गरिने छ। यसका लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा कुलो तथा लिफ्ट सिंचाइ कार्यक्रम अगाडि बढाइनेछ। कृषि उत्पादनको संभाब्यता अध्ययन गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन कार्यलाई प्राथमिकता दिइनेछ।

३२. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयनमा लाइने छ।

३३. नदि र खोलाको कटानबाट जोखिममा परेका बस्ति तथा खेतियोग्य जमिन सुरक्षाको लागि विशेष कार्यक्रम लागु गरिनेछ।

### ग) कला संस्कृति तथा पर्यटन

१. महत्वपूर्ण पर्यटकीय स्थानहरु हिमाल, ताल, सहासिक पदमार्ग, वन्यजन्तु र बहुमूल्य जडिबुटीहरुको पहिचान, प्रचार प्रसार, संरक्षण प्रवर्द्धनको लागि अनुगमन, नियमन तथा भिडियो डकुमेन्ट्री तयार गर्ने व्यवस्था मिलाइनेछ।

३४. यहाँका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, संस्कृति, सभ्यताको खोज, संरक्षण र सम्वर्द्धन गरिनेछ। साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट प्रयोगका साथै श्रब्य दृश्य सामग्री निर्माण गर्न पहल गरिने छ।

३५. जिल्लाकै सुन्दर बस्ति सिर्पाचौरमा होमस्टे संचालनका लागि आबश्यक आर्थिक तथा प्राविधिक सहयोगमा कम्तिमा ५ वटा होमस्टे संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

३६. धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण कला संस्कृतिको संवर्द्धन पुरातत्व विभागमा सुचिकृत गराउने देखि पर्यटन प्रवर्द्धनको लागि पार्कको स्थापना गर्ने व्यवस्था मिलाईनेछ।

३७. बारेकोटको प्रसिद्ध देवता राँगाबाँचिलाको मन्दिर निर्माण गरी दैविक शक्तिपिठको रुपमा स्थापित गर्न विस्तृत योजना निर्माण भइसकेकोले आवश्यक कार्य अगाडि बढाईनेछ।

३८. पर्यटन प्रवर्द्धन र विकासका लागि आउने आर्थिक वर्षमा बारेकोट चिनाउ अभियान संचालनका लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

३९. बारेकोटको कला संस्कृति र बाजा संरक्षणका निम्ति विशेष व्यवस्था मिलाइनेछ।

४०. बारेकोट गाउँपालिकाको वडा नं. ३ मुलसामा पर्यटन प्रवर्द्धन र भविश्यमा बारेकोट गाउँपालिकामा आउन सक्ने जल संकटलाई न्यूनीकरण गर्न मानव निर्मित जलासय निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**घ) उद्यम विकास,**

४१. बाहिरबाट आयात हुने स्यानिटरी प्याडलाई निरुत्साहित गर्न स्यानिटरी प्याड उत्पादन सम्वन्धी तालिम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

४२. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्यम विकासका लागि प्राविधिक सीप विकास तालिम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

४३. मौजुदा राजश्वलाई बृद्धि गर्न करका दायरा बढाइ गाउँपालिका भित्र संचालनमा रहेका होटल तथा पसलहरुलाई अनिवार्यरुपमा दर्ता गरेर मात्र संचालन गर्ने, पालिका भित्र आयात हुने जस्तै बोइलर कुखुरा, कुम्ले व्यापारी र अन्य प्रकारका व्यापारीहरुलाई आयात शुल्क तिरेर मात्र प्रवेश गर्ने गरी कानूनी व्यवस्था मिलाइएको छ।

४४. उद्यमशीलताको विकास उद्यमी निर्माणको लागि उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

४५. सीप सिकिसकेका व्यक्ति तथा उद्यमीहरुको लागि पुर्नताजकीजकी तालिम सञ्चालन गरिनेछ। व्यावसाय सञ्चालन गरेका व्यावसायीहरुका लागि व्यावसाय प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

४६. "शिक्षा र सीप सँग सँगै" भन्ने नारा सहित आ.व. २०८०/०८१ देखि संचालनमा रहेको विद्यालयबाट उद्यमशीलताको विकास, सीप सिकाइ कार्यलाई सुरुवात गर्ने पढ्दै कमाउँदै कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४७. गरीवी निवारण र आयआर्जनको लागि अल्लो, निगालो, बाँस, छाला ऊन जन्य उद्यम शिलताका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथै होजियारी सिलाई बुनाई सम्वन्धी आवश्यक तालिम सञ्चालनको व्यवस्था गरिनेछ।

४८. आंशिक रुपमा व्यावसाय गरीरहेका उद्यमीहरुलाई स्तरोन्नती गरी पूर्ण उद्यमी बनाउने।

## ङ) उद्योग, वाणिज्य र सहकारी

४९. स्यानिटरी प्याड उत्पादन सम्वन्धी तालिम संचालन गरी गाउँपालिकालाई आत्म निर्भर गराउन आवश्यक पहल गरिनेछ।

५०. बारेकोटमा रहेका खनिज फलामखानी र तामाखानीको सम्भाव्यता अध्ययनका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा पहल गरिनेछ।

५१. बारेकोट गाउँपालिका वडा नं.-४, दहमा निर्माण गरिएको जडिबुटी संकलन केन्द्रलाई संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

५२. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ।

५३. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ।

५४. खाद्यन्न आपूर्तिका लागि घाट बजारमा स्थापना भएको खाद्य डिपोमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिनेछ र नुन आपूर्तिको लागि नुन डिपोको स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

५५. तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पुर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थासँगको साझेदारीमा आयआर्जन गरीबी निबारण स्वरोजगार सिर्जना सम्बन्धि कार्यक्रम संचालन गरिने छ।

## २. वन, वातावरण, विपद् व्यवस्थापन

५६. भूकम्प पछिको अस्थायी आवासहरुमा बसोबास गरिरहेका नागरिकहरुको वर्षातको समयमा हुनसक्ने विपद्जन्य समस्या र जलजन्य प्रकोप नियन्त्रणका लागि सजगता अपनाइनेछ।

५७. विश्व खाद्य कार्यक्रमको साझेदारीमा संचालनमा रहेको भूकम्पले अतिग्रस्त संरचना पुनःनिर्माण (REDI) कार्यक्रम मार्फत संचालन गरिनेछ।

५८. वर्षातको समयमा फैलन सक्ने महामारी र सरुवा रोगको प्रकोप वढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी संघ, प्रदेश तथा दातृ निकायहरुको सहयोग र सहकार्यमा प्रभावकारी व्यवस्थापनमा जोड दिइनेछ।

५९. जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन नीति तथा कार्यविधी बनाई पालिका भित्र कार्यान्वयन हुने प्रत्येक आयोजनाहरु जलवायुमैत्री बनाईनेछ। जसबाट जलवायु अनुकुलनमा टेवा पुग्नेछ।

६०. फोहर मैला ब्यवस्थापन ऐन निर्माण गरि पालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थापन गरिनेछ।

६१. स्थानीय पूर्वाधार विकासलाई जलवायुमैत्री, उत्थानशिल, हरित पुनर्लाभ र श्रममूखि बनाई पूर्वाधार विकासको क्षेत्रलाई दिगो र समावेशी बनाउने निति अवलम्बन गरिने छ।

६२. विपद् जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि स्थानीय आपतकालित कार्य सञ्चालन केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ । विपद् व्यवस्थापन शाखा छुट्टै स्थापना गरि नागरिकको धनजनको सुरक्षाका लागि आवश्यक पहल गरिनेछ। वर्षे सिजन भरी पालिकामा SMS Alert System को प्रयोग गरिनेछ ।

६३. गाउँपालिका क्षेत्र भित्र आवतजावत गर्ने निजि तथा सार्वजिनक सवारी साधनहरुको अवस्था चेकजाँच गरि सवारी दुर्घटनालाई न्यूनीकरण गर्न पहल गरिनेछ। साथै बारेकोट गाउँपालिका देखि बाह्रै महिना सवारी साधन सुचारु गर्नका लागि बिशेष पहल गरिनेछ।

## ३.सामाजिक विकास

### क) शिक्षा, युवा तथा खेलकुद

६४. गृहणी शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, मानव अधिकार शिक्षा, कानूनी शिक्षा र यौन शिक्षा सम्वन्धी कक्षा, विद्यालयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि बारेकोट गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई क्रियाशिल गराइनेछ।

६५. दिवा खाजा व्यवस्थापन तथा क्षमता अभिवृद्धि र विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रमका लागि आवश्यक व्यवस्था गरिनेछ। विद्यालय दिवाखाजा व्यवस्थापनमा स्थानीय उपजहरुलाई उच्च प्राथमिकतामा राखिनेछ।

६६. हालसम्म बारेकोट गाउँपालिमा उच्च शिक्षा प्रदायक शिक्षण संस्था नभएको र आगामी दिनमा पालिकामै उच्च शिक्षाको पहुँच हुनेगरी एउटा स्नातक तहको पठनपाठन गर्न क्याम्पस स्थापनाका लागि आवश्ययक पहल गरिनेछ।

६७. यस पालिकाबाट प्रत्येक वर्ष एस.ई.ई. उतिर्ण हुने छात्र/छात्राहरु मध्य प्रथमहुने छात्र/छात्रालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६८. प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्ने MBBS, BE र LLB पढ्ने एक/एक जनालाई Diploma & Bachelor Level पटके सहायता र दलित छात्र छात्राहरुलाई विषेश प्राथमिकता दिइने कार्यक्रमलाई निरन्तरता दिइने छ।

६९. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वितरण गरीएको शिक्षण सिकाई अनुदान (बालविकास, प्रावि, निमावि, मावि, कम्प्युटर सहायक र कार्यालय सहयोगी) लाई आवश्यकताको आधारमा थपघट र ब्यबस्थापन गरिने छ।

७०. शिक्षक दरबन्दी र विद्यार्थी अनुपात उच्च रहेका विद्यालयहरुमा शिक्षण सिकाइ अनुदानको व्यवस्था गरी शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ।

७१. विद्यालय समायोजन र दरबन्दी मिलान कार्यलाई प्राथमिकतामा राखी ठूला विद्यालय (Big School) को अवधारणालाई अगाडि सार्दै आवासीय विद्यालय स्थापनाका लागि थप पहल गरिनेछ।

७२. भूकम्प पछिको अवस्थालाई मध्यनजर गर्दै विद्यालयहरुको भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेश तथा अन्य दातृ निकायहरुसँग आवश्यक समन्वय गरी विद्यालयहरुमा थप भौतिक पूर्वाधारहरुको व्यवस्था गरिनेछ।

७३. स्थानीय पाठ्यक्रम निर्माण भै सकेकोले कक्षागत रुपमा स्थानीय पाठ्यपुस्तक लेखन कार्यका लागि आवश्यक व्यवस्था मिलाइने छ।

७४. गाउँपालिकाबाट संचालन अनुमति प्राप्त सामुदायिक बालविकास केन्द्रहरुमा दरबन्दी, भौतिक पूर्वाधारको व्यवस्थापन गरी शिक्षण सिकाईलाई सहज तथा प्रभावकारी बनाउन पहल गरिने छ। साथै अनुपयुक्त ठाउँमा रहेका बालविकास केन्द्रलाई स्थान्तरण र समायोजन गरिनेछ।

७५. शिक्षकहरुको पेशागत क्षमतालाई अभिवृद्धि गर्न पालिकास्तरमै थप तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ।

७६. बालबालिकाहरुको अन्तरनिहीत क्षमता तथा प्रतिभा प्रष्फुटनका लागि विद्यालयस्तरमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न पहल गरिनेछ।

७७. खेलक्षेत्रको विकास र खेलाडी उत्पादनका लागि बारेकोटमा रंगशाला निर्माण र सुविधा सम्पन्न सभाहल निर्माणका लागि पहल गरिनेछ।

७८. गाउँ शिक्षा योजना निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी निर्माण कार्य सम्पन्न गरिनेछ। पाठ्यक्रम प्रबोधिकरण, शैक्षिक क्यालेन्डर निर्माण, स्थानिय स्तरमा संचालन गरिने विभिन्न परीक्षाको प्रभावकारी व्यवस्थापन तथा संचालन गरिनेछ।

७९. एक स्थानीय तह एक प्राविवपधिक धार विद्यालय अन्तर्गत श्री वीरेन्द्र ऐश्वर्य मा.वि. लिम्सामा सञ्चालित सिभिल इन्जिनियरिङ विषय कक्षा (९-१२) लाई गुणस्तरीय र व्यवस्थितरुपमा सञ्चालन गर्न CEHRD तथा विश्वविद्यालयहरुसँग समन्वय गरि दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न जोड दिइनेछ।

८०. बिद्यार्थी भर्ना र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाको लागि सबै बिद्यालयका बालविकास कक्षा १ देखि ५ कक्षा सम्मका बिद्यार्थीलाइ पोषणयुक्त दिवा खाजाकार्यक्रम प्रभावकारी बनाइनेछ।

८१. विद्यालयका प्रधानाध्यापकहरुको नियमित बैठक तथा विद्यालयहरुले पालिकामा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात गरिनेछ।

८२. विद्यालयहरुको गुणस्तर सुधार, सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा थप सुधार गर्न आवश्यक कार्य अघि बढाइनेछ।

८३. शिक्षण संस्थाहरुलाई समयानुकूल प्रविधिमैत्री बनाउदै बिद्यार्थीहरुलाई आधुनिक सूचना प्रबिधिको सिकाइ तर्फ अभिप्रेरित गर्दै लगिने छ।

८४. अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोत कक्षा सञ्चालन गर्न पहल गरिनेछ।

८५. नियमित शिक्षक विद्यार्थी मूल्याङ्कन प्रणाली विकास गरी शिक्षक विद्यार्थी प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

८६. बारेकोट गाउँपालिका भित्रका माध्यमिक बिद्यालयहरुमा स्यानिटरी प्याडको सुरक्षित प्रयोगको लागि Vending Machine र Disposable Machine को व्यवस्था मिलाइनेछ।

८७. सामुदायिक विद्यालयहरुमा अपाङ्ग मैत्री, बाल मैत्री तथा छात्राहरुको लागि अनुकुल हुने भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ।

८८. बारेकोट गाउँपालिकामा नमुना विद्यालय स्थापनाका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

**ख) स्वास्थ्य**

८९. आम बारेकोटी नागरिकहरुको स्वास्थ्य आवश्यकता परिपूर्तिका लागि उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक सेवा जस्ता आधारभूत स्वास्थ्य सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

९०. मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्याबाट ग्रसित व्यक्तिहरुको सम्मान जनक रूपमा उपचारमा पहुँच वृद्धिहुने एवं आवश्यक सीप, ज्ञान तथा तालिमको व्यवस्था गरी सामाजिक मुलधारमा व्यवसायिक रुपमा पुनःस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ।

९१. आधारभूत अस्पताल लिम्सालाई भौतिक तथा प्राविधिक जनशक्ति र उपकरणको व्यवस्था गरी सक्षम बनाई गुणस्तरीय सेवाप्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

९२. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन र विकास गर्न आवश्यक व्यवस्था मिलाईने छ।

९३. आधारभूत अस्पताल लिम्साको लागि राजश्व व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अनलाईन बिल सम्वन्धी सफ्टवेयर लागु गर्न आवश्यक व्यवस्था गरिनेछ।

९४. गाउँपालिका भित्र रहेका वर्थिङ् सेन्टरहरुमा संस्थागत सुत्केरी सेवा लिने सुत्केरी आमाहरुलाई एक तर्फी एम्वुलेन्स सेवा दिन आवश्यक व्यवस्था मिलाइनेछ।

९५. गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टरहरुमा प्रसुति हुन नसकी जटिल अवस्थाका आमाहरुलाई आकस्मिक प्रेषणका लागि पालिकाको दर रेट अनुसार एम्बुलेन्स खर्च व्यवस्थापन गरी मातृ तथा शिशु मृत्युदर शुन्य बनाइनेछ।

९६. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (CMC Nepal) सँगको सहकार्यमा संचालित सामुदायिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

९७. स्वस्थ बारेकोट समृद्ध बारेकोटीको स्थानीय लक्ष्य हाँसलि गर्न स्वास्थ्यका ६ स्तम्भहरुमा ध्यान दिइने छ। १) मानव श्रोत २) आर्थिक श्रोत ३) औषधी औजार र उपकरण ४) नेतृत्व तथा सुशासन ५) सूचना प्रणाली ६) स्वास्थ्य पूर्वाधार।

९८. तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मी र सुचीकृत संस्थाहरुबाट निःशुल्करुपमा गर्भपतन सेवा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

९९. आकस्मिक अवस्थामा अक्सिजन आवश्यक पर्ने बिरामीलाई सर्वसुलभ तरिकाले अक्सिजन उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

१००. अति बिपन्न नागरिकहरुका लागि स्थानीय आपतकालिन आकस्मिक कोषलाई निरन्तरता दिइनेछ।

१०१. यस पालिकाका अन्तर्गतका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुको उपचारका लागि घुम्ति शिविर संचालन गर्ने प्रबन्ध मिलाइने छ।

१०२. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।

१०३. १५ शैयाको आधारभूत अस्पताल लिम्सामा राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गर्न पहल गरिनेछ। यसै वर्षबाट प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे, इसिजी, एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह हुने ब्यबस्था गर्न पहल गरिने छ।

१०४. यहाँका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्यचौकीमा स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ।

१०५. आधारभुत अस्पताल लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिगं सेन्टरहरुलाई व्यवस्थित गर्दै अन्य स्वास्थ्य

संस्थाहरुमा आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सुरक्षित सुत्केरी सेवा संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०६. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अतिआवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाउदै लगिने छ।

१०७. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरिनेछ।

१०८. स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ।

१०९. पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

११०. कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ।

१११. संङ्घीय सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

११२. सबै स्वास्थ्य संस्थाहरुमा सौर्य प्रणली तथा इन्टरनेट जडान गरी प्रविधि मैत्री स्वास्थ्य नीति अवलम्बन गर्न पहल गरिनेछ।

११३. क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको पहिचान तथा सहज उपचारको व्यवस्था मिलाईनेछ।

११४. सरकारी तथा गैह्र सरकारी संघ सँस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिदै थप स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने संघ सँस्थाहरुलाई कार्यक्रम लागु गर्न पहल गरिनेछ।

११५. बजार तथा वस्ति टोलहरुबाट उत्पादनहुने विभिन्न प्रकारको फोहोरमैलालाई निश्चित स्थानमा व्यवस्थित गर्न आवश्यकताको आधारमा डम्पिङसाईट तोकी फोहोरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि वढाईनेछ।

११६. सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविकाहरुका लागि सहुलियत स्वरुप प्रदान गर्दै आएको प्रोत्साहन भत्ता आ.व. २०८१/०८२ मा पनि निरन्तरता दिइनेछ।

११७. लागतार २४ पटक वृद्धि अनुगमन गरी सामान्य तौल भएका बच्चा, आमाहरुका लागि प्रशंशा पत्र तथा पोशिलो उपहार वितरण कार्यक्रम सञ्चानल गर्न व्यवस्था मिलाइनेछ।

११८. माध्यमिक विद्यालयका सम्पूर्ण किशोरिहरुलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

११९. नव शिशुहरुको मृत्युदर घटाउन संस्थागत सुत्केरी भई चौविस घण्टा सम्म स्वास्थ्य संस्थामा बस्ने आमाहरुका लागि खाना खर्चको व्यवस्था मिलाइनेछ।

१२०. स्वास्थ्य आमासमुह शशक्तिकरण तथा परिचालन कार्यक्रम अन्तर्गत आमा समुहका सक्रिय सदस्यहरुलाई बैठकमा सहभागि हुँदा सामान्य खाजाको व्यवस्था गरिनेछ।

### ग) खानेपानी तथा सरसफाई

१२१. पानीको जीवन उपयोगितालाई सिद्ध गर्न साझेदार संघ संस्थाहरुसँगको सहकार्यमा जल उपयोग गुरुयोजना अनुसार कार्यक्रम अगाडि बढाईने छ।

१२२. खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधान गर्न शुद्ध खानेपानी र स्वस्थ वातावरण निर्माणका लागि बिशेष पहल गरिनेछ।

१२३. स्वास्थ्य तथा सरसफाईका लागि खानेपानीको लक्ष्य पुरा गर्ने नीति अनुरुप "एक घर एक धारा" कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, साथै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय लगायत सबै सार्वजनिक सँस्थाहरुमा स्वच्छ पिउने पानीको सुविधा बिस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२४. खानेपानी योजनाहरुको दीर्घकालिन उपयोगिताका लागि हरेक योजनाहरुमा मर्मत संभार कोष स्थापना गर्ने व्यवस्था मिलाईने छ।

१२५. WARMP-HELVETAS, NCCSP, पहाडी क्षेत्र विकास अभियान, लगायतका खानेपानीका क्षेत्रमा काम गर्ने संघ सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै खानेपानीको समस्या समाधानको पहल गरिनेछ।

१२६. सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वच्छ वातावरण र स्वस्थ नागरिक निर्माणको अभियान सञ्चालन गरिने छ। आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि पहल गरिनेछ।

१२७. एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र दिगो व्यवस्थापनका लागि पालिका स्तरमा खानेपानी, सरसफाई, स्वच्छता तथा मर्मत सम्भार समिति गठन गरी परिचालन गर्ने व्यवस्था आ. व. २०८१/०८२ देखि मिलाईने छ।

### घ) महिला बालबालिका तथा जेष्ठ नागरिक (लक्षित वर्ग)

१२८. बालविवाह न्यूनीकरणका लागि पालिका स्तरमा रणनीतिक योजना तयार गरिनेछ।

१२९. बालबालिकाको क्षेत्रमा काम गर्न पालिकामा बालकल्याण अधिकारीको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

१३०. बालश्रम, बालशोषण अन्त्य गर्न पालिका स्तरमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३१. उमर नपुगि विवाह गरेकाहरुलाई पालिकाबाट उपलब्ध हुने कुनै पनि सेवासुविधा उपलब्ध गराइनेछैन।

१३२. जनयुद्ध, जन आन्दोलनका घाइते, अपाङ्ग र शहिद परिवारका लागि विशेष राहत कार्यक्रम ल्याईनेछ।

१३३. छोरा र छोरी बिचको विभेदलाई न्यूनीकरण गर्दै बालविवाह रोक्न, धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, महिनावारी हुँदा गरिने विभेदित व्यवहारलाई निरुत्साहित गर्न, महिलाले पछाडी खाना खाने जस्ता विभेद युक्त व्यवहार हटाउन छोरा र छोरीलाई समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपायहरुको खोजी गरिने छ।

१३४. जीवन संगिनी गुमाएका एकल पुरुषहरुका लागि बिदुर भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३५. जातीय विभेद अन्तर्गत दलितहरु प्रति अमानवीय र निकृष्ट व्यवहार निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

१३६. दलित र गैर दलित युवायुवती बीच माघी विवाह भएमा त्यस्तो जोडीलाई रु.१ लाख प्रोत्साहान सहित सम्मान गरिनेछ।

१३७. महिला दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गर्न पहल गरिनेछ।

१३८. एकल महिलाहरुको समूह निर्माण गरी समुहमा आधारित सामाजिक कल्याण र आयआर्जन उन्मुख कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३९. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्दा नीतिगत प्रक्रिया पूरा गरी वडा कार्यालयबाट अपाङ्ग परिचय पत्र वितरण गर्न घुम्ती शिविर संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४०. साहारा विहिन, टुहुरा, बालबालिकाहरुको पालनपोषण र शिक्षा दिक्षाको प्रवन्ध गर्न संस्थागत अनाथालय स्थापनाका लागि पहल गरिनेछ।

१४१. फरक क्षमता भएका व्यक्तिहरुलाई सीपविकास तालिम संचालन गर्न प्रवन्ध मिलाईनेछ।

१४२. अति विपन्न परिवारका लागि शौचालय सदृढिकरण अभियान संचालन गरिनेछ।

१४३. लागु औषदको उत्पादन, ओसारपसार र प्रोगलाई नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गर्न पहल गरिनेछ।

## ४. पूर्वाधार तर्फ

१४४. अब बन्ने निजी तथा सार्वजनिक भवनहरु पूर्णरुपमा भवन संहिताको पालना गरि भूकम्प प्रतिरोधी भवन निर्माणमा जोड दिइनेछ। बारेकोट गाउँपालिकाका निजी आवास तथा सामुदायिक भवन निर्माणका लागि विभिन्न दातृ निकायहरुसँग समन्वय गरिनेछ।

१४५. संघ, प्रदेश सरकार तथा दातृ निकायहरुसँगको समन्वयमा र सहकार्यमा पुनःनिर्माण र पुनःस्थापनाको कार्यलाई द्रुत गतिमा अगाडी बढाइनेछ।

१४६. गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न जग्गा प्राप्तिका लागि पहल गरि प्रशासकीय भवन निर्माणका लागि बिशेष पहल गरिनेछ।

१४७. गाउँपालिकाको केन्द्र देखि जाजरकोट सदरमुकाम जोड्ने सडक, पालिकाभित्र सञ्चालित वडा कार्यालय जोड्ने अधिकांश सडकहरु वर्षा याममा अवरुद्ध हुने हुँदा सडकहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याई आवतजावतलाई सहज बनाउन स्रोतको सुनिश्चितता गरी डोजर खरिद गर्ने व्यवस्था मिलाइने छ।

१४८. बारेकोट गाउँपालिका वडा नं ३ को मुल्साम वडा नं ६ को धुमा र वडा नं २ को सेरीका बस्तीहरुमा यसै आर्थिक बर्षमा सडकको सञ्चालन पुऱ्याएर यातायात सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

१४९. हाल सम्म निर्माण भई संचालनमा आएका सबै सडकहरुलाई बाह्रै महिना यातायात संचालन गर्ने गरी सडको स्तरोन्नती गर्न विशेष सडक स्तरोन्नती कार्यक्रम ल्याउने व्यवस्था मिलाउने छु। यसका लागि संघीय सरकार र प्रदेश सरकार तथा साझेदार निकायहरुसँग आवश्यक पहलकदमी थालनी गरि सकिएको छ।

१५०. दीगो पूर्वाधार विकासको आधुनिक मान्यतालाई आत्मसाथ गर्दै पूर्वाधार विकासका क्षेत्रमा नयाँ आयाम स्थापित गर्ने गरी विकास योजनाहरुको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गरिने छ।

१५१. हाल यस गाउँपालिकामा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि टुक्रे योजना निर्माण गरी काम गर्ने परिपाटीलाई पूर्णरुपमा अन्त्य गरी सडक स्तरोन्नती अन्तर्गत सडक नाली मात्र निर्माण गर्न आवश्यक व्यवस्था मिलाएको छ। सो काम गर्नका लागि गाउँपालिकाले समपुरक रकमको व्यवस्था गरिनेछ।

१५२. सबै वडाबाट पालिका केन्द्र सम्मको सहज पहुँच विस्तार गर्न ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नतिको काम क्रमश अगाडि बढाईनेछ।

१५३. हाल सडक निर्माण गर्दा वातावरणीय प्रभाव मुल्याँकन नै नगरी सडक निर्माण गर्ने गरीएको यथार्थ अवस्था छ। जसले गर्दा धेरै वन जंगलको क्षती हुने, वन्य जन्तुहरुको लोप हुने भएकोले सडकको ट्र्याक खोल्दा अनिवार्यरुपमा वातावरणीय प्रभाव मुल्याँकन गरेर मात्र कार्य थालनी गर्नु पर्ने नीति लिएको छ।

१५४. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालित आयोजनाहरुको दीगोपना तथा प्रभावकारी बनाउनका लागि योजनाका निर्माण सामग्रीहरु खरिद गर्नका लागि समपुरक कोषको व्यवस्थापन गरिनेछ ।

१५५. पालिका केन्द्र देखि सदरमुकाम सम्मको सडक सम्पर्क सहज बनाउन सडको स्तरोन्नती र सडक पुल निर्माणका लागि निर्माण व्यवसायीसँग सम्झौता भई आ.व. २०८१/०८२ मा दोविल्ला खोला मोटरेवल पुल निर्माणको काम अगाडी बढाईनेछ।

१५६. विगत आ.व. हरुमा कार्य संचालन भइ कार्य सम्पन्न हुन बाँकी विभिन्न आयोजनाहरुको कार्यसम्पन्न गर्ने कार्यलाई यो आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ।

१५७. उज्यालो बारेकोटका लागि केन्द्रिय बिद्युत प्रसारण लाइन बारेकोटसम्म बिस्तारका लागि आवश्यक पहल गरिनेछ र गाउँपालिका अन्तर्गत संचालित लघु जलविद्युत आयोजनाहरुको मर्मत संभार कार्यलाई यो वर्ष विशेष पहलकासाथ सञ्चालन गरिनेछ।

१५८. पालिका भित्र संचालित साना लघुजलबिद्युत आयोजनाहरुलाई एउटै प्रसारण लाइनमा एकिकृत गरी गाउँपालिका भित्र विधुत प्रसारण तथा वितरण गर्ने संस्थागत व्यवस्था मिलाइनेछ।

१५९. लघु जलविद्युत आयोजनालाई प्रभावकारी व्यवस्थापन गर्न फलामे पोल विस्तार गर्न पहल गरिनेछ।

१६०. नलगाड जलविधुत परियोजनाको डि.पि.आर. प्राप्त गर्ने र लगानी कर्ता जुटाउन संघीय सरकारलाई अनुरोध गर्ने संरचनाको मुआब्जा तत्काल वितरणको व्यवस्था मिलाउन सरोकारवाला निकायसँग अनुरोध गरिनेछ।

१६१. स्तरोन्नती भइरहेका सडकहरुको कार्यलाई तिब्रता दिइनेछ।

१६२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१६३. नेपाल सरकारले तोकेअनुसार बर्गीकरण गरीएका Village Road, City Road, Federal Road, National Highway को मापदण्ड अबलम्बन गरिनेछ।

१६४. सडक, भवन र पुलहरुको मुल्यांकन गर्ने नयाँ प्रविधिको अबलम्बन गर्न प्राविधिकहरुको क्षमता विकासका तालिम संचालन गरिनेछ।

१६५. सडक आसपासमा हरियाली वाताबरण निर्माण गर्न र सडक सुरक्षाका लागि बृक्षा रोपन कार्यक्रम संचालन गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ।

१६६. UNDP, WFP को संयुक्त आर्थिक साझेदारीमा संचालित स्थानीय विकास सहयो कार्यक्रम, जापानिज सरकारको आर्थकि तथा UNDP को प्राविधिक सहयोगमा संचालित जलवायु सम्वन्धी स्थानीय कार्यहरु मार्फत मानव सुरक्षा सुदृढीकरण कार्यक्रम नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम NCCSP र हेल्भेटास नेपालको आर्थिक सहयोगमा पहाडी क्षेत्रविकास अभियानको सामाजिक परिचालनमा संचालित एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम लगायतका कार्यक्रमलाई पालिकाको साझेदारीमा आउने आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ। साथै अन्य दातृ निकायहरुको साझेदारी पूर्वाधार तथा सामाजिक विकास, आय आर्जनका लागि नयाँ कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ।

## ५. भवन तथा सहरी विकास :

१६७. सबै वडा कार्यालयको भवन निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण हुन बाँकी वडा नं ५ को कार्यालय भवन निर्माण सम्पन्न गरी सेवाप्रवाहको व्यवस्था मिलाइनेछ।

१६८. नेपाल सरकारको भवनसम्बन्धी आचार संहिता लागू गरिनेछ। गाउँपालिकामा निर्माण हुने घरहरु भूकम्प प्रतिरोधी बनाउनका लागि प्रत्येक वडाका स्थानीय २० जना मिस्त्रीहरुलाई (MESON) तालिम संचालन गरिनेछ।

१६९. सुरक्षित घर निर्माण र वस्ती व्यवस्थापनका लागि निर्माण गरीएको भवन आचारसंहितालाई कार्यान्वयनमा ल्याईनेछ।

१७०. जनता आवास, खर मुक्त छाना र एकिकृत वस्ती विकासको कार्यक्रमलाई संघ र प्रदेश सरकारसँग सहकार्यमा अगाडि बढाइनेछ।

**६. वन, वातावरण तथा विपद् व्यवस्थापन :**

१७१. वनजंगलको संरक्षणको लागि जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सामुदायिक वन र स्थानीय संघ संस्था तथा स्थानीय सरोकारवाला नागरिकहरुसँग सहकार्य गरी डढेलो, चोरी निकासी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

१७२. सरकारी बाँझो जमिन, सडक, पानिका मुहान तथा पहिरो जोखिम क्षेत्रहरुमा वृक्षारोपन गर्न पहल गरिनेछ।

१७३. हरियो वन बारेकोटको धन भन्ने मान्यता विकास गरी वन अतिक्रमण रोक्न नीतिगत व्यवस्था गरिनेछ।

१७४. वातावरणीय स्वच्छता अभिवृद्धि तथा **जलवायु परिवर्तन हरित गृह प्रभाव रोक्न** हरेक वडाहरुमा वृक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ।

१७५. जडीबुटीको खोजतलास संकलन र निकासीका लागि नीतिगत प्रवन्ध गरी बारेकोटमै जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागि विशेष पहल गरिनेछ।

१७६. गिट्टी, ढुङ्गा, बालुवा, माटो लगायतका प्राकृतिक सम्पदाको उचित र व्यवस्थित उपयोगको नीति र अन्य अतिक्रमणलाई नियन्त्रण गर्ने व्यवस्था गरिनेछ।

१७७. विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनस्र्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१७८. गाउँपालिका क्षेत्र भित्र अमुल्य लोपोन्मुख वन्यजन्तु, जडिबुटी पाइने तर तीनिहरुको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्युनीकरणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

१७९. बारेकोटको जडिबुटी संकलन र निकासीको लागि आवश्यक संस्थागत पहल गरिनेछ।

१८०. बाढी पहिरोका कारण बारेकोटका अधिकांश गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले एकीकृत बस्ती व्यवस्थापन कार्यक्रम संघ तथा प्रदेश सरकारको सहकार्यमा अगाडी बढाइनेछ।

१८१. बाढी, पहिरो, भूक्षय रोक्नका लागि**रुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔं** कार्यक्रमलाई अगाडी बढाउन पहल गरिनेछ।

१८२. नदि तथा खोलाको कटानमा परेर उच्च जोखिममा रहेका वडा नं १ को कोटेली वडा नं २, ८, ५ को आसपास घाटबजार, काउली बजार, वडा नं ८ को सेपुखोला लगायतका वस्ति सुरक्षा गर्न तटवन्धन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

### ७. बहुक्षेत्रीय पोषण (MSNP)

१८३. नेपाल सरकारको सन २०३० सम्म सबै स्थानीय तहहरुलाई पोषणमैत्री स्थानीय तह घोषण गर्ने लक्ष्य अनुरूप यस बारेकोट गाउँपालिका वडा नं १ र २ पोषण मैत्री वडा घोषणको अन्तिम तयारीमा रहेकोले आर्थिक बर्ष २०८१/०८२ भित्र दुबै वडाहरु पोषण मैत्री वडा घोषण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१८४. गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि आवश्यक नीति अबलम्बन गर्ने छ ।

१८५. बारेकोट गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै समपुरक कोष Matching Fund को व्यबस्था गरिनेछ ।

१८६. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन (NFLG) अबलम्बन गर्न पोषण मैत्री वडा घोषणाबिशेष अभियानलाई निरन्तरता दिइने छ।

१८७. महिला, किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१८८. कडा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या भएको क्षेत्रमा **“पोषण यूक्त कुपोषण मुक्त”** कार्यक्रम संचालन गर्न पहल गरिने छ।

१८९. सुनौला १००० दिने आमाहरुका लागि आवश्यक कार्यक्रम संचालन गरी पोषणका बारेमा जानकारी गराईने छ।

१९०. पोषण तथा खाद्य समितिलाई विषयगतका कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

१९१. कडा शीघ्र कुपोषण र माध्यम शीघ्र कुपोषणको ब्यवस्थापनमा सुधार ल्याईने छ।

१९२. विद्यालय छोडेका किशोरीहरुलाई पोषण लगायत अन्य स्वास्थ्य सरसफाई तथा समविकास विषयमा आवश्यक ज्ञान र जीवन उपयोगी सीप सिकाउन पहल गरिने छ।

१९३. प्रत्येक घरमा पोषण मैत्री परिवारीक वातावरण तयार बनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।

## ८. संस्थागत विकास, सेवा प्रवाह, सुशासन तथा अन्तरसम्वन्ध।

१९४. यस गाउँपालिकालाई आगामी आर्थिक बर्ष देखि पेपर लेस (Paper Less) पालिकाको रुपमा अगाडी बढाइने छ। भने प्रत्येक शाखाहरुमा विद्युतीय अनलाईन प्रणालीबाट मात्र काम संचालन गर्न व्यवस्था मिलाइने।

१९५. भूकम्पले थलिएको बारेकोट गाउँपालिका भित्रका निजि आवास, गाउँपालिकाको प्रशासनिक भवन, वडा भवन, स्वास्थ्य संस्थाका भवनहरु, विद्यालय, खानेपानी तथा लघु जलविधुतका नहरहरुलाई एकद्धार प्रणालीबाट पुनःनिर्माण गर्न यस आर्थिक बर्षको पहिलो त्रैमासिक भित्र दाता सम्मेलन गरी विकास निर्माणको लागि सार्वजनिकरुपमा आवह्वान गर्ने व्यवस्था मिलाउनेछ।

१९६. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन भर्मणको व्यवस्था गरिनेछ।

१९७. आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा निर्देशनहरु तयार गरिनेछ।

१९८. गाउँपालिकाको खरिद गुरुयोजना बनाई सार्वजनिक खरिद ऐन अनुसार खरिद प्रक्रियालाई अझै पारदर्शी तथा प्रभावकारी बनाईनेछ।

१९९. गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ। साथै गाउँपालिका तथा वडा र अन्य शाखाहरुको सँस्थागत विकासका लागि आवश्यक पहल गरिनेछ ।

२००. केन्द्रीय विद्युत लाइन बिस्तारका लागि आवश्यक पहल गरिनेछ र प्रत्येक वडाहरुमा लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ । साथै केन्द्रिय विद्युत लाइन विस्तार सँगै फाइवर नेटका लागि पहल गरिनेछ।

२०१. संस्थागत विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमानुसार ओ. एण्ड एम. गरिनेछ।

२०२. गाउँ प्रहरी गठनका लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाउने पहल गरिनेछ।

२०३. पालिकामा कार्यरत जनशक्तिलाई आ-आफ्नो सेवा र समूह अनुसार आवश्यकताका आधारमा जिम्मेवारी परिवर्तन सहित सेवामा गुणस्तरीयता अभिवृद्धि गर्न पुर्नताजकीजकी तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ।

२०४. भौगोलिक रुपमा सिमा जोडिएका र सामाजिक सम्वन्ध स्थापित छिमेकी पालिकाहरुसँगको सहकार्यमा सिमा क्षेत्र विकास कार्यक्रम संचालनका लागि पहल गरिनेछ।

२०५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

२०६. प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहन गरी एकद्वार प्रणालीको लागि आवश्यक नीति लिइनेछ।

२०७. विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

२०८. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

२०९. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ।

२१०. राजश्व सुधार कार्ययोजना तयार गरि राजश्वका दायरा फराकिलो बनाईनेछ।

२११. लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ साथै आवश्यकताका आधारमा नयाँ आयोजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने काम अगाडि बढाईनेछ।

२१२. सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा असोज मसान्त भित्र जनश्रमदानको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई सफल पार्न विशेष पहल गरिनेछ।

२१३. प्रदेश समन्वय परिषद्का बैठकबाट लिइने निर्णय र गरिने साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ।

२१४. शान्ति सुरक्षा कायम गर्न वडा नं ३ मुलसाम, वडा नं ४ दह वडा नं ६ घर्तिगाउँमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल गरिनेछ।

## ९. विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

२१५. अत्यावश्यक सूचनाहरु तत्तकाल जानकारी गराउन ग्रुप एस. एम. एस. सेवा सञ्चालनको लागि सूचना प्रविधि विभागसँग खरिद प्रक्रियाको लागि आवश्यक पहल गरिनेछ।

२१६. गाउँपालिकाको बस्तुगत स्थितिलाई अध्ययन गरी विभिन्न सूचकहरुको आधारमा विकास निर्माणका कार्य गर्न सहजताको लागि बारेकोट गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गर्न आवश्यक पहल गरिनेछ।

२१७. सूचना प्रवाह, सेवाप्रवाह तथा नागरीका हक अधिकारहरुलाई सुनिश्चित गर्न आवश्यक नीति तयार गरी स्थानीय स्तरमा F.M. संचालनमा ल्याउन पहल गरिनेछ।

२१८. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको समस्यालाई मध्यनजर गरी बैंकिङ्ग सेवा छिटोछरितो बनाउन बारेकोट गाउँपालिका वडा नं. २ लिम्सामा रहेको कृषि विकास बैंक लिमिटेडसाँग ATM सेवा विस्तारको लागि पहल गरिनेछ।

२१९. वडा नं. ३, ६ र ७ का केहि भूभागहरुमा नेपाल टेलिकमको नेटवर्कले काम नगर्ने हुँदा यस आर्थिक वर्ष २०८१/०८२ मा सेवा विस्तारको लागि आवश्यक पहल गरिनेछ।

२२०. गाउँपालिकाको वेवसाइटलाई अध्यावधिक गरी पालिकाका सम्पूर्ण गतिविधिहरु सार्वजनिकगर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२२१. पालिकाका महत्वपूर्ण योजना, ऐन, कार्यविधि, डकुमेन्ट्री तथा महत्वपूर्ण विधुतीय कागजातहरुलाई राष्ट्रिय सूचना केन्द्र (DOIT) मा सर्भरको स्थापना गरी आधिकारिक रुपमा सुरक्षित भण्डारण गर्न पहल गरिनेछ।

२२२. वडाहरुमा सञ्चालित इन्टरनेट सेवालाई थप प्रभावकारी बनाउदै लगिनेछ।

२२३. गाउँपालिकाबाट सम्पादन हुने असल अभ्यासहरुलाई वेवसाइट, सामाजिक सन्जाल, रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराउने व्यवस्था गरिनेछ।

२२४. इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका केन्द्र सम्म फाइवर नेट पुऱ्याउन नेपाल टेलिकम तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरु हरुसँग पहल गरिने छ।

२२५. अभिलेख व्यवस्थापन तर्फ नविनतम प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। विशेष गरी वडा तथा पालिकाबाट संकलन हुने राजश्वलाई विधुतीय प्रणाली सुत्रमा थप भएको राजश्व Modules लाई आर्थिक वर्ष २०८१/०८२ देखि लागु गरिनेछ।

२२६. सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने व्यवस्था मिलाईनेछ।

२२७. कार्यालय व्यवस्थापन तर्फका अत्यावश्यकीय सफ्टवेयरहरु व्यावसाय दर्ता प्रणाली, कर्मचारी व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली, जस्ता Software हरुलाई लागु गर्ने व्यवस्था मिलाईनेछ।

२२८. सञ्चालनमा नभएका विद्युतीय सिफारीस, दर्ताचलानी, योजना व्यवस्थापन प्रर्णाली, जस्ता Software हरुलाई प्रयोगमा ल्याउन आवश्यक पहल गरिनेछ।

२२९. प्राइभेट सेवा प्रदायकहरुसँग भएको गाउँपालिकाका Software हरु होस्टिङको सम्झौता खारेज गरी राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) मा होष्टिङ गर्ने व्यवस्था मिलाइनेछ।

२३०. विभिन्न सरकारी पोर्टल, अनलाईन सीफारिस, घटना दर्ता, SuTRA, जिन्सी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली जस्ता अत्यावश्यकीय Software हरुलाई सञ्चालन गर्न पालिकाको जनशक्तिलाई पुर्नताजकी तालिमको व्यवस्था गरिनेछ।

२३१. आगामी दिनहरुमा क्रमशः यस पालिकालाई e-Government को रुपमा पूर्ण डिजिटाइज गरी Paper Less बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ।

२३२. Digital Palika घोषणा गर्न आवश्यक पूर्वाधार निर्माणको लागि पहलगरिनेछ।

### १०. प्रधानमन्त्री रोजगार

२३३. बढ्दो बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ। कामदारको खातामा पैसा पुग्ने ब्यबस्था गरी रोजगार प्रवर्द्धन गर्नेकामलाई निरन्तरता दिइने छ।

२३४. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि अनुसार सिमान्तकृत वर्गको नेतृत्व, सहभागिता र सबैको स्वामित्व गर्ने नीति अवलम्बन गरिनेछ।

२३५. आ.व.२०८१/०८२ देखि संचालन हुने प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजनाहरुको काममा युवा सहभागिता, महिला सहभागिता सुनिश्चित गरिने छ।

२३६. सबै वडामा बेरोजगारहरुको सुचीकरण गरी उनीहरुका लागि बिशेष रोजगारको प्रबन्ध गरिने छ।

२३७. लगानीको अभाबमा ब्यबसाय गर्नबाट बन्चितहरुका लागि बित्तिय संस्थाहरुको लगानी सुरक्षित गर्न आबश्यक बजेटको ब्यबस्था गरी यहि आर्थिक बर्षबाट बारेकोटमा बैकिङ्ग लगानीको बातावरण निर्माण गरिने छ।

**गाउँ सभा सदस्य ज्युहरु !**

२३८. संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२३९. करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ।

२४०. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ।

२४१. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ।

२४२. दीर्घकालीन सोचका आधारमा आवधिक योजनालाई अद्यावधिक गर्दै त्यसको आधारमा वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ।

२४३. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ।

२४४. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ। यसका लागि नेपाल सरकार द्धारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ।

२४५. प्रभावकारी अनुगमन तथा मूल्याकन पद्दतिको विकास गरिनेछ।

२४६. आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन।

२४७. एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ। यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ।

२४८. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ।

२४९. पालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

२५०. उपाध्यक्षको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२५१. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्ध मिलाईनेछ।

२५२. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ।

२५३. पञ्जिकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै क्षमता विकासका आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२५४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईने छ।

२५५. कानूनी शासनको प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

२५६. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

२५७. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ–आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासनको प्रत्याभूती गराईनेछ।

२५८. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा रचनात्मक, महत्वपूर्ण सल्लाह, सुझाव दिने विशेष र योगदान गर्नु हुने गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटबासीहरुप्रति हृदयदेखि हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु। तपाईहरुको स्वस्थ आलोचना रचनात्मक सल्लाह सुझाव सदैव प्राप्त भइरहनेछ भन्ने विश्वास लिएको छु।

**धन्यबाद !**